नेपाल सरकार
उद्योग मन्त्रालय

मिति २०७२/१/१७

प्रेस विज्ञप्ती

२०७२ साल वैशाख १२ र १३ गते गएको विनाशकारी भूकम्पबाट प्रभावित विभिन्न जिल्लाका शिविरहरुमा राहत स्वरुप वितरण गर्ने प्रयोजनको लागि नेपाल सरकार उद्योग मन्त्रालयले २०० मेट्रिक टन बिस्कुट र ७६ हजार कार्टुन चाउचाउ खरिद गरि वितरणको लागि वाणिज्य तथा आपूर्ति मन्त्रालयको संयोजनमा नेपाल खाद्य संस्थान केद्रीय गोदाममा खडा भएको संकलन केन्द्रमा उपलब्ध गराउन थालेको छ । त्यसरी उपलब्ध भएका चाउचाउ र बिस्कुट सो मन्त्रालयको संयोजनमा गठित समितिले भूकम्प प्रभावित जिल्लाहरुको आवश्यकतालाई ध्यानमा राखी ढुवानी गरि पठाउने कार्य सुरु भईसकेको छ ।

जस अनुसार हाल सम्म १३२३९ कार्टुन (९ ट्रक) बिस्कुट र २०००० कार्टुन (१० ट्रक) चाउचाउ खाद्य संस्थानको संकलन केन्द्रमा ढुवानी भइसकेको छ ।

साथै विनाशकारी भूकम्पबाट भएको क्षतीको राहत तथा पूर्नस्थापनाका लागि नेपाल सरकारका विशिष्ठ श्रेणीका अधिकृतहरुले १५ दिनको तलव, राजपत्राङ्कित प्रथम र द्वितिय श्रेणीका अधिकृतहरुले १० दिनको तलव र अन्य कर्मचारीहरुले ५ दिनको तलव बरावरको रकम प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषमा जम्मा गर्ने गरि नेपाल सरकारको सचिव बैठकबाट निर्णण भएकोमा उद्योग मन्त्रालय र अन्तरगतका उद्योग विभाग, कम्पनी रजिष्टारको कार्यालय र घरेलु तथा साना उद्योग विकास समितिबाट सो वरावरको रकम रु. १०,६५,९१५ अक्षेरेपी दश लाख पैसट्ठि हजार नौ सय पन्ध्र रुपैयाँ मात्र प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषमा जम्मा गरिएको व्यहोरा समेत जानकारी गराईन्छ ।

.........................

यामकुमारी खतिवडा
सहसचिव/प्रवक्ता
उद्योग मन्त्रालय